कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.१०/२०७९/०८० को एजेण्डा तथा निर्णयहरू

१. नगर सभा गृह शिलान्यास सम्बन्धमा ।

निर्णयः मिति २०७९।१०।१२ गते बिहीबार दिउँसो २ बजे मधेश प्रदेशको माननीय मुख्य मन्त्री श्री सरोज कुमार यादव ज्यूको प्रमुख आतिथ्यमा हुने नगरसभा गृह शिलान्यास कार्यक्रमको भव्य रुपमा तयारी गर्ने गर्ने निर्णय गरियो ।

२. सडक बोर्डको योजना सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको योजनाहरू छनौट गरी सडक बोर्डलाई पठाउने निर्णय गरियो ।

- गुप्ता पेट्रोल पम्प देखि दक्षिण जाने बाइपास बाटो महिन्द्र जी को लेथ नजिकको बाटो
- गुप्ता पेट्रोल पम्पको पश्चिम वडा नं.४ जाने बाटो

३. कर्मचारी कारबाही सम्बन्धमा ।

निर्णयः प्रस्ताव नं.३ माथि छलफल हुँदा यस उपमहानगरपालिकाका वातावरण शाखाको ना.सु. रामजी मण्डल तथा निजका फाँटका सहयोगी उषा साहको योजना र मिलोमतोमा सफाईकर्मिको काममा लगाई दिने तथा काममा निरन्तरता दिनका लागि नगर प्रमुख, ~~प्रमुख प्रशासकीय अधिकृतको~~ नाउँमा रकम उठाएकोले कारबाही गरी पाउँ भनी यस उपमहानगरपालिका पिडित सफाईकर्मिहरूको निवेदन पर्दा निजको भतिजा दिनेश मण्डलले धम्की समेत दिएको भनी बिनोद मल्ली डोमको अर्को निवेदन परेकाले कारबाहीका लागि अगाडी बढाइएको उक्त निवेदनमा ना.सु. रामजी मण्डलले प्रभाव पार्न सक्ने प्रमाण नष्ट गर्न सक्ने अवस्था स्थिति रहेकाले निवेदनको अन्तिम टुंगो नलागुन्जेल सम्मका लागि २ महिनाको लागि निलम्बनमा राख्न कार्यपालिकाको सर्वसम्मतिबाट निर्णय गरियो ।

४. लिजाको प्रासाङ्क अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णयः लिजाको प्रासाङ्क ८४% प्रास भई सकेको अनुमोदन गर्ने निर्णय गरियो ।

५. आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयः वडा नं.८ मा बसाहा पूजा हजारी काफलाको लागि रु.१५०००।-, वडा नं.६ को जलेको व्यक्ति श्री मन्जु देवी लाई रु.२५०००।— र वडा नं.२५ को फुल देवीलाई रु.१५०००।— आर्थिक सहयोग गर्ने निर्णय गरियो ।